## २०७६ साल आश्विन ९ गते बिहिबारदिउँसो ४:०० बजे बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको गण्डकी प्रदेश सभाको चालु अधिवेशन अन्त्य गर्न सिफारिश गर्ने सम्बन्धी विषयको प्रस्तावः "प्रस्तावमा लेखिए बमोजिम गर्ने।"

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बालसुधार गृह, हिरासत, थुनुवा कक्ष तथा कारागार निरीक्षण निर्देशिका, २०७६ स्वीकृती गर्ने सम्बन्धी विषयको प्रस्तावः "प्रस्तावमा लेखिए बमोजिम गर्ने।"

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको दिगो विकासका लक्ष्यहरू गण्डकी प्रदेशको आधार रेखा प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धी विषयको प्रस्तावः "प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पोखरा महानगरपालिकाको कार्यपालिका भवन निर्माणका लागि जग्गा उपलब्ध हुन नेपाल सरकारमा सिफारिश गर्ने सम्बन्धी विषयको प्रस्तावः "जग्गा नापजाँच गरी अधिकतम २५ रोपनीसम्म जग्गा उपलब्ध गराउने गरी अन्य प्रस्तावमा लेखिए बमोजिम गर्ने।"

५. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको गोरखा जिल्लाको अजिरकोट गाउँपालिकाको काफलडाँडा मान्द्रे सामुदायिक वन उपभोक्ता समितिबाट १५ रोपनी जग्गा उपलब्ध गराउने सहमति भई आएको हुँदा सो जग्गामा गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यलाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनामा समावेश गरिदिन नेपाल सरकारमा सिफारिश गर्ने सम्बन्धी विषयको प्रस्तावः "प्रस्तावमा लेखिए बमोजिम गर्ने।"

६. आन्तरिक मामिला तथा कानून मन्त्रालयको जग्गाको स्वामित्वका लागि नेपाल सरकारमा अनुरोध गर्ने सम्बन्धी विषयको प्रस्तावः "प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

७. आन्तरिक मामिला तथा कानून मन्त्रालयको २०७६ सालको घटस्थापनाको अवसरमा सार्वजनिक बिदा दिने सम्बन्धी विषयको प्रस्तावः "प्रस्तावमा लेखिए बमोजिम गर्ने।"

८. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्राइभेट फर्म नवीकरण नियमावली, २०७६ लाई स्वीकृति दिने सम्बन्धी विषयको प्रस्तावः "विस्तृत छलफल गरी प्रतिवेदन सहित मन्त्रिपरिषद्मा पेश गर्न प्रशासन तथा विधेयक समितिमा पठाउने।"

९. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रदेश कार्यक्रम संयोजक नियुक्ति सम्बन्धी विषयको प्रस्तावः "प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

१०. सामाजिक विकास मन्त्रालयको गण्डकी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने विषयको प्रस्तावः "विस्तृत छलफल गरी प्रतिवेदन सहित मन्त्रिपरिषद्मा पेश गर्न प्रशासन तथा विधेयक समितिमा पठाउने।"